प्रदेश सरकार
प्रदेश नं ५

☎ : ०७१-५५०६३०
☎ : ०७१-५४००१४
☎ : ०७१-५५०६१०

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(शासकीय सुधार तथा समन्वय महाशाखा)
बुटवल, नेपाल

पत्र संख्याः-०७७/७८
च.नः-

मिति २०७७/०४/०४

## आ.ब.२०७६/७७ को सम्पत्ति विवरण बुझाउने व्यवस्था सम्बन्धी सूचना ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र त्यसपछी हरेक आर्थिक बर्ष समाप्त भएको मितिले ६० (साठी) दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरुले आ.ब.२०७६/७७ को सम्पत्ति विवरण सार्वजनिक पद धारण गरेको वा आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र नेपाल सरकारले नेपाल राजपत्र भाग ५ खण्ड ६८, २०७५ साल असार २०, अतिरिक्ताङ्क ११ मा प्रकाशित सूचना अनुसार देहाय अनुसारका पदाधिकारी तथा कर्मचारीहरुले देहाय अनुसारको कार्यालयमा पेश गर्ने व्यवस्था रहेकोले सोही अनुसार गर्नु/गराउनुहुन अनुरोध गरिन्छ ।

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरु | पेश गर्नुपर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १. | प्रदेश प्रमुख | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २. | प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री लगायतका पदाधिकारीहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ३. | प्रदेशसभाका सभामुख, उपसभामुख, सदस्य लगायतका पदाधिकारीहरु | प्रदेशसभाको सचिवालय | बन्दी खामहरु सम्बन्धित निकायमा बुझाउने अन्तिम मिति पछी तीस दिनभित्र सो निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नुपर्नेछ। |
| ४. | प्रदेशका मुख्य न्यायाधिवक्ता | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ५. | प्रदेश लोकसेवा आयोगका अध्यक्ष एवं पदाधिकारीहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |

☎ : ०७१-५५०६३०
☎ : ०७१-५४००१४
☎ : ०७१-५५०६१०

प्रदेश सरकार
प्रदेश नं ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(शासकीय सुधार तथा समन्वय महाशाखा)
बुटवल, नेपाल

पत्र संख्याः-०७७/७८
च.नः-

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरु | पेश गर्नुपर्ने निकाय | कैफियत |
|---|---|---|---|
| ६. | प्रदेश योजना आयोगका अध्यक्ष तथा सदस्यहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ७. | प्रदेश सरकारबाट मनोनित तथा नियुक्त अन्य पदाधिकारीहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ८. | जिल्ला समन्वय समितिको प्रमुख, उप-प्रमुख तथा जिल्ला समन्वय समितिबाट नियुक्त भएका अन्य पदाधिकारी तथा कर्मचारीहरु | सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय | बन्दी खामहरु सम्बन्धित निकायमा बुझाउने अन्तिम मिति पछी तीस दिनभित्र सो निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नुपर्नेछ । |
| ९. | नगरपालिकाको प्रमुख तथा उप-प्रमुख, गाउँ कार्यपालिकाको अध्यक्ष तथा उपाध्यक्ष, वडाध्यक्ष, गाउँ तथा नगर कार्यपालिकाको सदस्य तथा वडा सदस्य लगायतका स्थानिय तहका पदाधिकारी तथा कर्मचारीहरु । (निजामती र स्थायी शिक्षक बाहेक) | सम्बन्धित स्थानीय तहको कार्यालय | बन्दी खामहरु सम्बन्धित निकायमा बुझाउने अन्तिम मिति पछी तीस दिनभित्र सो निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नुपर्नेछ । |
| १०. | प्रदेश प्रमुखको कार्यालयमा कार्यरत निजामती बाहेक अन्य पदाधिकारी एवं कर्मचारीहरु | सम्बन्धित प्रदेश प्रमुखको कार्यालय | बन्दी खामहरु सम्बन्धित निकायमा बुझाउने अन्तिम मिति पछी तीस दिनभित्र सो निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नुपर्नेछ । |
| ११. | प्रदेश सरकार मातहतका सार्वजनिक पद धारण गरेका अन्य पदाधिकारी तथा कर्मचारी | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १२. | निजामती सेवाका कर्मचारी | राष्ट्रिय किताबखाना | |

☎ : ०७१-५५०६३०
☎ : ०७१-५४००१४
☎ : ०७१-५५०६१०

पत्र संख्याः-०७७/७८
च.नः-

- माथि उल्लेखित पदाधिकारी तथा कर्मचारीहरुको सम्पत्ति विवरण बुझाए वा नबुझाएको अभिलेख, सम्पत्ति विवरणको खाम र राष्ट्रिय सतर्कता केन्द्रको अनलाइन इन्ट्री गरेको विवरण सहित सम्पत्ति विवरण राखेको निकायले सम्पत्ति विवरण बुझाउन तोकिएको अन्तिम म्याद सकिएको तीस दिनभित्र अनिवार्यरुपमा यस कार्यालयमा पेश गरिसक्नुपर्ने छ ।
- सम्पत्ति विवरणको बन्दी खाममा अनिवार्य रुपमा नाम थर, ठेगाना, कार्यरत निकाय, पद, दर्जा, लिङ्ग, मोबाइल नं., दर्ता नं. र अनलाइन इन्ट्रीको आइडी नं. उल्लेख गरेको हुनुपर्नेछ ।
- सार्वजनिक पद धारण गरेको पदाधिकारी र कर्मचारीहरुले बुझाउनुपर्ने सम्पत्ति विवरण समयमै बुझाउने र नवुझाउने पदाधिकारी तथा कर्मचारीहरुको विवरण समयमा नै उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायका प्रमुखको हुनेछ ।

उपरोक्त उल्लेखित राजपत्रको सूचना तथा यस सम्बन्धी अन्य जानकारी राष्ट्रिय सतर्कता केन्द्रको वेबसाइट: www.nvc.gov.np तथा यो सूचना तथा यस कार्यालयको वेबसाइट: ocmcm.p5.gov.np मा पनि हेर्न सकिनेछ । सार्वजनिक पद धारण गरेको व्यक्तिले तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) बमोजिम राष्ट्रिय सतर्कता केन्द्रबाट
कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइने व्यवस्था रहेको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सम्पत्ति विवरणका सम्बन्धमा थप बुझ्नु परेमा राष्ट्रिय सतर्कता केन्द्रको सम्पत्ति विवरण तथा अनुगमन शाखाको फोन नं. ०१-४२००४१२ मा तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको फोन नं. ०७१-५५०६५८ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।